सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
माननीय न्यायाधीश श्री टंक बहादुर मोक्तान
आदेश
मुद्दा नं. ०७८-WO-०१००
मुद्दाः-उत्प्रेषण।

केदार कुमार अधिकारीसमेत------------------------------------------------------- निवेदक पक्ष

विरुद्ध

लोकसेवा आयोग, केन्द्रीय कार्यालय काठमाडौंसमेत------------------------------- प्रत्यर्थी विपक्षी

रिट निवेदनसहितको मिसिल अध्ययन गरी निवेदकका तर्फबाट उपस्थित वरिष्ठ विद्वान् अधिवक्ता श्री विजयकान्त मैनाली एवम् विद्वान् अधिवक्ता श्री मुकुन्द अधिकारी तथा तथा विपक्षी लोकसेवा आयोगको तर्फबाट उपस्थित महान्यायाधिवक्ताको कार्यालयका विद्वान् सहन्यायाधिवक्ता श्री चन्द्रकान्त खनाल र ऐ. आयोगका सहसचिव श्री लोकबहादुर अधिकारीले गर्नुभएको बहससमेत सुनियो ।

यसमा विपक्षी लोकसेवा आयोग, केन्द्रीय कार्यालयका तर्फबाट उपस्थित सहन्यायाधिवक्ताले कोरोनाको संक्रमणबाट बच्ने सुरक्षाको सबै प्रकारको मापदण्ड अप्नाई अन्य विज्ञापनका परीक्षाहरु सञ्चालन भैरहेका र संक्रमित परीक्षार्थीहरुका लागि समेत उचित प्रबन्ध मिलाई परीक्षा भैरहेकोले गत वर्ष प्रकाशित प्रस्तुत विज्ञापनको परीक्षा सञ्चालन हुनुपर्ने भनी बहस जिकिर गर्नुभएको र विपक्षी लोकसेवा आयोग, केन्द्रीय कार्यालयबाट उपस्थित हुनुभएका सहसचिव लोकबहादुर अधिकारीले परीक्षाका लागि उपत्यका बाहिरबाट आउने परीक्षार्थीका लागि आवागमनमा अवरोध नहोस् भनी सम्बद्ध निकायहरुसँग समन्वय गरिसकेको अवस्थासमेत छ भनी इजलाससमक्ष अनुरोध गर्नुभएको र रिक्त रहेका धेरै पदहरुको पदपूर्तिको अनिवार्यता साथै महामारी बढ्ने घट्ने अवस्थाको अनिश्चिततासमेतलाई मध्यनजर गर्दा निवेदन मागअनुसार अन्तरिम आदेश जारी गर्न उपयुक्त हुने नदेखिएकाले अन्तरिम आदेश जारी गर्न मिलेन। कानूनबमोजिम गर्नू।

न्यायाधीश                                        न्यायाधीश

इति संवत् २०७८ साल श्रावण २६ गते रोज ३ शुभम् ---------------------------------